# बर्दघाट नगरपालिका

नवलपरासी जिल्ला,
लुम्बिनी प्रदेश, नेपाल

## स्थानीय राजपत्र

| खण्ड १ | अंक: २ | भाद्र, १८ गते २०८० साल | (संख्या: १२) |
|---|---|---|---|

## भाग-२

नगर कार्यपालिकाको मिति: २०८०/०५/१३ मा स्वीकृत भएको देहाय वमोजिमको कार्यविधि स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## ब्याक हो लोडर सञ्चालन तथा व्यवस्थापन निर्देशिका-२०८०

विषय सूची

| विषय | | पृष्ठ संख्या |
|---|---|---|
| | प्रस्तावना | |
| १. | संक्षिप्त नाम र प्रारम्भ | १ |
| २. | परिभाषा | १ |
| ३. | निर्देशिकाको उद्देश्य | २ |
| ४. | ब्याक हो लोडर प्रयोगको क्षेत्र र प्राथमिकताक्रम | ४ |
| ५. | ब्याक हो लोडर संचालनका लागि जनशक्ति व्यवस्था | ३ |
| ६. | ब्याक हो लोडरको भाडा दर निर्धारण | ३ |
| ७. | ब्याक हो लोडर भाडामा दिदा दिंदा अपनाउनुपर्ने कार्यविधि | ३ |

| | | |
|---|---|---|
| ८. | ब्याक हो लोडरको व्यवस्थापन र सञ्चालन कोष | ५ |
| ९. | ब्याक हो लोडर व्यवस्थापन तथा संचालन कोषको संचालन | ५ |
| १०. | ब्याक हो लोडरको व्यवस्थापन र सञ्चालनका समितिको गठन | ५ |
| ११. | ब्याक हो लोडर व्यवस्थापन तथा संचालक समितिको काम कर्तव्य अधिकार | ६ |
| १२. | निर्देशिकाको पालना | ६ |
| १३. | थपघट वा हेरफेर गर्न सक्ने | ६ |
| १४. | संशोधन, खारेजी र वचाउ | ७ |


## “ब्याक हो लोडर सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८०”

**प्रस्तावना**

बर्दघाट नगर कार्यपालिकाको कार्यालय, नवलपरासीले खरिद गरेको ब्याक हो लोडर विभिन्न व्यक्ति, संघ/संस्था र निकायलाई भाडामा उपलब्ध गराउँदा वा परिचालन तथा व्यवस्थापन गर्दा अवलम्बन गर्नुपर्ने विधि र प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाई लापरबाही, हिनामिना नियन्त्रण गर्न वाञ्छनीय भएकाले,

बर्दघाट नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा (४) को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस निर्देशिकाको नाम **“ब्याक हो लोडर सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८०”** रहेको छ ।

ख) यो निर्देशिका स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) “नगरपालिका” भन्नाले बर्दघाट नगरपालिका जनाउँछ ।

(ख) “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ लाई जनाउँछ ।

(ग) “प्रमुख” भन्नाले बर्दघाट नगरपालिकाका प्रमुखलाई जनाउँछ ।

(घ) “उपप्रमुख” भन्नाले बर्दघाट नगरपालिकाका उपप्रमुखलाई जनाउँछ ।

(ङ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले बर्दघाट नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ ।

(च) "मन्त्रालय" भन्नाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय जनाउँछ ।

(छ) “निर्देशिका” भन्नाले “ब्याक हो लोडर सञ्चालन तथा व्यवस्थापन निर्देशिका-२०८०” जनाउँछ ।

(ज) “कोष” भन्नाले बर्दघाट नगरपालिकामा यस निर्देशिका बमोजिम गठन गरिएको ब्याक हो लोडर सञ्चालन कोष जनाउँछ ।

(झ) ब्याक हो लोडर भन्नाले विकास निर्माण सम्वन्धी काम गर्ने हेभी मेशिनरी उपकरणलाई जनाउछ ।

(ञ) धरौटी भन्नाले कुनै काम नसकिएसम्म जमानत वापत राखिएको रकमलाई जनाउछ ।

## ३. निर्देशिकाको उद्देश्यः

यस निर्देशिकाको उदेश्य देहाय वमोजिम हुने छ ।

क. नगरपालिकाको स्वामित्वमा रहेको ब्याक हो लोडरलाई सदुपयोग गर्न सघाउ पुऱ्याउने ।

ख. नगरपालिकाको ब्याक हो लोडरलाई मितव्ययी, पारदर्शी तरीकाले संचालन गरी नगरपालिकाको आन्तरिक आम्दानी वृद्धी गर्ने तथा जनतालाई अत्याधिक मात्रामा सेवा दिई नगरपालिकाप्रति जनताको अपनत्व वृद्धी गर्ने ।

ग. आर्थिक व्यवस्थापन प्रणालीलाई अनुशासित र वित्तीय कुशलता हासिल गर्न सघाउ पुर्याउने।

घ. नगरपालिकाको संस्थागत क्षमता विकास, आयोजना व्यवस्थापन र वित्तीय अनुशासन कायम गर्ने ।

ङ. ब्याक हो लोडर सञ्चालन तथा व्यवस्थापन समितिलाई उल्लेखित साधनहरु प्रति अझ वढी जिम्मेवार र उत्तरदायी वनाउने ।

च. ब्याक हो लोडरलाई कुशलता पूर्वक संचालन गरी दिर्घकालिन रुपमा प्रयोगमा ल्याउने ।

## ४. ब्याक हो लोडर प्रयोगको क्षेत्र र प्राथमिकताक्रमः

क) प्रमुख वा उपप्रमुख बाट स्थलगत निरीक्षण गर्दा अत्यावश्यक भनि किटानी भई आएको क्षेत्र ।

ख) ब्याक हो लोडर दैवी प्रकोप, फोहरमैला व्यवस्थापन तथा विकास निर्माण सम्बन्धी कार्यमा बाहेक अन्य कार्यमा प्रयोग गरिने छैन ।

ख) नगरपालिकाको स्वामित्वमा रहेको ब्याक हो लोडर प्रयोग गर्न उपलब्ध गराउँदा देहायको प्राथमिकता बमोजिम गरिने छः

१. दैवी प्रकोप उद्धारको कार्यमा

२. फोहरमैला व्यवस्थापनको कार्यमा

३. नगरक्षेत्रमा नगरपालिकाबाट संचालन भएका विकासका आयोजनाहरुको कार्यमा

४. नगरक्षेत्रमा उपभोक्ता समितिबाट कार्यान्वयन गरिएका विकास आयोजनाको कार्यमा

५. नगरपालिका क्षेत्रभित्र सरकारी, गैर सरकारी क्षेत्रबाट सञ्चातिल विकास आयोजनासंग सम्बन्धित कार्यमा नगर क्षेत्रका अन्य व्यवसायी, निर्माण कर्मीहरुलाई भाडामा दिंदा ।

६. अन्य व्यक्ति वा समुदायले माग गरेको अवस्थामा भाडामा दिंदा ।

**५. ब्याक हो लोडर संचालनका लागि जनशक्ति व्यवस्थाः**

क) ब्याक हो लोडर संचालन गर्नका लागि एक जना चालक र एक जना सहयोगीको व्यवस्था गरिनेछ ।

ख) ब्याक हो लोडर चालक र सहयोगीको पारिश्रमिक तथा सुविधा नगरसभाबाट निर्धारण गरिने छ

**६. ब्याक हो लोडरको भाडा दर निर्धारणः**

ब्याक हो लोडरको भाडा दर देहाय वमोजिम निर्धारण हुनेछ ।

क) बर्दघाट नगरपालिकाको आर्थिक ऐनमा तोके वमोजिम हुनेछ ।

ख) ब्याक हो लोडरको भाडा दर प्रचलित वजार मुल्यलाई आधार मानी निर्धारण गरिनेछ ।

ग) फर्म, कम्पनी, व्यावसायीको हकमा जिल्ला दररेट अनुसार तथा नगरका विकास आयोजना, उपभोक्ता समिति, टोल विकास संस्था, सामुदायिक विद्यालय र मठमन्दिर आदिलाई नगर दररेट अनुसार उपलव्ध गराइनेछ ।

**७. ब्याक हो लोडर भाडामा दिंदा अपनाउनुपर्ने कार्यविधिः—**

क. भाडामा लिन चाहने व्यक्ति, संघ, संस्था, उपभोंक्ता समिति, फर्म तथा कम्पनीको प्रोप्राईटरले नगरसभा वा नगर कार्यपालिकाको कार्यालयबाट स्वीकृत दररेटमा अग्रीम रुपमा धरौटी स्वरुप नगरपालिकामा नगदै जम्मा गरेको धरौटी रसिद वा नगरपालिकाको नाममा नगदै वा एन आइ सी एसिया बैंक, बर्दघाट शाखामा रहेको च.हि.नं. ......... तोकेको खातामा तोकिएको समय अनुसारको रकम जम्मा गरेको बैंक भौचर सहित अनुसूची-१ बमोजिम ढाँचामा नगरपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

ख. यसरी निवेदन प्राप्त हुन आएमा समितिको बैठक वसी ब्याक हो लोडर उपलब्ध गराउने सम्बन्धमा आवश्यक निर्णय गर्नेछ ।

ग. तोकिएको समयावधिको कार्य समय समाप्त भएपछिको भाडा रकम वापतको नगरपालिकाले कट्टी गर्नुपर्ने रकमको नगदी रसिद कार्यालयले उपलव्ध गराउने छ ।

घ. नगदै रकम जम्मा गरेको वा वैकमा रहेको तोकिएको खातामा जम्मा गरेको धरौटी रकम तोकिएको समयावधी भन्दा कम काम भए कार्यालयले कामको परिमाण अनुसारको दरको रकम कट्टा गरी वांकि रकम फिर्ता गर्नेछ ।

ङ. धरौटीवापत जम्मा भएको रकमले खामेभन्दा बढी समय ब्याक हो लोडर कार्य प्रकृया अगाडी वढाउन वाध्य हुने छैन ।

तर कार्यलयमा आई वा कार्यालयको प्रतिनिधिलाई धरौटी वापत थप रकम वुझाएमा कार्य सुचारु गर्न सकिने छ । सो कुराको जानकारी कुनै पनि संचारको माध्यमवाट तुरुन्त कार्यालयलाई जानकारी गराउनु पर्ने छ ।

च) कार्यालयको अनुमति नलिई चालकले कार्य प्रकृया अगाडी वढाएमा चालकबाटै सरकारी वांकी सरह असूल उपर गरी चालकलाई विभागिय कारवाही गरीनेछ ।

छ) ब्याक हो लोडर भाडामा लिन चाहने व्यक्ति संस्था, फर्म, उपभोक्ता समिति, कम्पनी वा प्रोप्राईटरले भाडामा लिदा, भाडा बर्दघाट नगरपालिका कार्यालय वा ब्याक हो लोडर रहेकै स्थानवाट भाडादर गणना गरीने छ ।

ज) यदी नगरपालिकाको कोषवाटै हुने विकास निर्माण कार्यको हकमा व्यक्ति, संस्था, फर्म कम्पनी, उपभोक्ता समितिले कार्य संचालन गर्दा नगरपालिकाले निजको विलवाट कट्टा हुने गरी ब्याक हो लोडर उपलव्ध गराउन सक्नेछ । तर अग्रीम नगदै वा वैक जम्मा गर्ने व्यक्ति फर्म, संस्था, कम्पनी, निर्माण व्यावसायी वा उपभोक्ता समितिलाई विषेश प्राथमिकता दिईनेछ ।

झ) ब्याक हो लोडर भाडामा लिने व्यक्ति फर्म, संस्था, कम्पनी, निर्माण व्यावसायी, उपभोक्ता समितिले ब्याक हो लोडर भाडामा लिने स्थानदेखि नै इन्धन खर्च व्यर्होनु पर्ने छ ।

ञ) ब्याक हो लोडरको आन्तरिक खाता वेग्लै हुनेछ । उक्त खातामा उक्त मेशिनले कार्य गर्दा प्राप्त हुने भाडा रकमलाई जम्मा गरीने छ ।

ट) चालकले प्रत्येक घण्टाको लगवुक तयार गर्नु पर्ने छ । कार्य स्थलमा काम गर्दा वढी काम गरी कम काम देखाई वा तोकिएको भन्दा वढी काम गरी कुनै तरीकाले कुनै कर्मचारी तथा. पदाधिकारी, व्यक्ती, संस्था, निर्माण व्यावसायी वा उपभोक्ता समितिको यस निर्देशिकाको मर्म र भावना विपरीत हुने गरी प्रलोभन, मोलाहिजा, भनसुन तथा कसैको डर, धाक धम्कीमा परी कसैलाई संचालन गर्न दिए उल्लेखित कार्यलाई गम्भिर अपराध मानी प्रचलित कानुन बमोजिम निजलाई कारवाही गरिनेछ ।

ठ) नगरपालिकाले ब्याक हो लोडरको अनिवार्य रुपमा बीमा गराउनु पर्नेछ ।

ड) प्रमुख वा उपप्रमुखबाट अत्यावश्यक भनि सिफारिस भई आएको वा कतिपय सार्वजनिक महत्वको क्षेत्रमा कार्य गर्दा इन्धन नगरपालिकाबाट नै उपलव्ध गराइनेछ ।

**८. ब्याक हो लोडरको व्यवस्थापन र सञ्चालन कोषः**

नगरपालिकामा एक ब्याक हो लोडर संचालन कोष रहने छ । यस कोषमा ब्याक हो लोडर भाडामा दिंदा प्राप्त भएको रकम जम्मा गरिने छ । उक्त कोषवाट तपशिलका वमोजिमका शिर्षकहरुमा बाहेक अन्य शीर्षकमा कुनै रकम खर्च गरिने छैन ।

१ सवारी चालक र सहयोगीलाई दिइने तोकिए अनुसारको तलव भत्ता रकम ।

२ इन्धन खर्च ।

३ मेशिनरी औजार उपकरण पाटपूर्जाको मर्मत तथा खरिद खर्च ।

४ मेसिन संचालन गरेवापात नेपाल सरकारलाई तिर्नु पर्ने कर रकम ।

५. ब्याक हो व्यवस्थापन तथा संचालन समितिको बैठक बस्दा भएको खाजा खर्च ।

५ नगरसभा/नगरपालिका वोर्डले निर्णय गरे अनुसारका शिर्षकहरुमा खर्च हुने रकम ।

६ मेशिन संचालन गर्दा आईपर्ने विविध तथा भैपरी खर्च ।

**९. ब्याक हो लोडर व्यवस्थापन तथा संचालन कोषको संचालनः**

क) ब्याक हो लोडर व्यवस्थापन तथा संचालन कोषको संचालन बर्दघाट नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९ तथा अन्य प्रचलित कानून बमोजिम गरिने छ ।

ख) ब्याक हो लोडरको व्यवस्थापन तथा संचालन कोषको खाता संचालन प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट गरिनेछ ।

ग) ब्याक हो लोडरको व्यवस्थापन तथा संचानलन कोषको लेखा परीक्षण नगरपालिकाको लेखा परीक्षण गराउँदाका बखत गराउनुपर्नेछ ।

**१०. ब्याक हो लोडरको व्यवस्थापन र परिचालन समितिको गठनः**

ब्याक हो लोडरको व्यवस्थापन र सञ्चालन गर्न देहाय वमोजिम एक परिचालन समिति गठन हुनेछ ।

| | | |
|---|---|---|
| क. | प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी | संयोजक |
| ख. | आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |

ग. नगर प्रहरी प्रमुख सदस्य

**११. ब्याक हो लोडर व्यवस्थापन तथा परिचालन समितिको काम कर्तव्य अधिकारः**

क. भाडामा संचालन हुने सवारी साधनहरुको माथी उल्लेखित प्रावधानहरुको परिधि भित्र व्यक्ति, संस्था निर्माण व्यावसायी, उपभोक्ता समितिहरुलाई भाडामा सवारी साधनलाई उपलव्ध गराउने

ख. सवारी साधनहरुको मर्मत संभार तथा नयाँ पाटपुर्जा थप गर्नु पर्ने भए निर्णय गरी प्रमुख प्रशासकीय अधिकृतलाई सिफारिस गर्ने ।

ग. परिचालन समितिको वैठक कम्तिमा महिनाको २ पटक अनिवार्य रुपमा वस्नु पर्ने छ । उक्त वैठकमा सवारी साधनको अवस्था, वस्तुस्थिती र आय व्यय समेतको समीक्षा गरी प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई जानकारी गराउने ।

घ. वैठकको गणपुरक संख्या दुई तिहाई हुनेछ । दुई तिहाई सदस्यको निर्णय मान्य हुनेछ ।

ङ. वैठक संचालन हुँदा उक्त कोषवाट खाजा खर्च वाहेक अन्य खर्च गरिने छैन ।

**१२. निर्देशिकाको पालनाः**

नगरपालिकाले यस निर्देशिकाका प्रावधानहरुको अतिरिक्त वजेट अख्तियारीमा तोकिएका शर्तहरु, मन्त्रालयवाट गरिएका परिपत्र एवं निर्देशन र निर्देशिकामा उल्लेखित प्रावधानहरुको समेत पालना गर्नु गराउनु पर्नेछ ।

**१३. थपघट वा हेरफेर गर्न सक्नेः**

यस निर्देशिका कार्यान्वयनका शिलशिलामा कुनै वाधा अवरोध वा अस्पष्टता आएमा त्यस्तो वाधा अवरोध फुकाउने प्रयोजनका लागी नगरपालिकाले यस निर्देशिकामा आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

**१४. संशोधन, खारेजी र वचाउः**

क) यस निर्देशिकामा उल्लेखित कुराहरुमा छुट हुन गई कुनै कुरा थप घट गर्न वा हटाउन वा परिमार्जन गर्न परेमा सम्बन्धित ऐन नियमको परिधिभित्र रही नगर कार्यपालिकाको बैठकले मात्र गर्न सक्नेछ ।

ख) यस निर्देशिकामा उल्लेख गरिएका कुराहरुका हकमा यसै निर्देशिका अनुसार र उल्लेख नभएका कुराहरुका हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

ग) यस अघि यस कार्यालयवाट कार्यालयको ब्याक हो लोडर संचालनका लागी भएका लिखित तथा मौखिक प्रावधानहरु यसै निर्देशिका वमोजिम भए गरेको मानिनेछ ।

घ) यस निर्देशिकाका प्रावधानहरुलाई कार्यान्वयन गर्दा यस निर्देशिका लागू हुनुभन्दा अघि नगरसभावाट स्वीकृत भएका कार्यक्रम र वजेटलाई सोही अनुरुप संचालन गर्न यस निर्देशिकाले वाधा पुर्याएको मानिने छैन ।

ङ) यस निर्देशिकाका कुनै प्रावधानहरु प्रचलित कानुन एवं ऐन नियमावलीसँग वाझिएमा वाझिएको हद सम्म अमान्य हुनेछ ।

समाप्त

**अनुसूची -१**

**दफा ७ को उपदफा (क) संग सम्बन्धित**

**निवेदनको ढाँचा**

मिति :

विषय : ब्याक हो लोडर उपलव्ध गराइ पाउँ ।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
बर्दघाट नगर कार्यपालिकाको कार्यालय
नवलपरासी (ब.सु.प.)

म/मेरो ............................................................................ देहायको स्थानमा पर्ने सार्वजनिक महत्वको रुपमा रहेको विकास निर्माण गर्न अत्यावश्यक भएकाले "ब्याक हो लोडर भाडामा उपलब्ध गराउने सम्बन्धी निर्देशिका २०८०" को दफा ७ बमोजिम ब्याक हो लोडर प्राप्त गर्नको लागि यो निवेदन पेश गरेको छु । निर्देशिका वमोजिम उपलव्ध गराई पाउँ । व्यहोरा सत्य साँचो हो ।

| | |
|---|---|
| तपशिल | निवेदकको |
| नामः | नाम थरः |
| ठेगानाः | ठेगानाः |
| | दस्तखतः |
| | मितिः |

(प्रकाश खनाल)
प्रमुख प्रशासकीय अधिकृत